# नाम्खा गाउँपालिकाको पाँचौं गाउँसभाको बैठकमा मिती २०७६ असार १० गते नाम्खा गाउँपालिकाका उपाध्यक्ष श्री पेमा तामाङ ज्युले प्रस्तुत गर्नु भएको

# आ.व. २०७६।०७७ को

# वार्षिक नीति तथा कार्यक्रम र बजेट

नाम्खा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

याल्वाङ, हुम्ला

२०७३

सभा अध्यक्ष,
प्रमुख अतिथि,
विशेष अतिथि,
उपस्थित सम्पूर्ण अतिथगण,
गाउँसभाका सदस्यहरु,
सम्पूर्ण कर्मचारीहरु तथा
उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीबहिनीहरु,

सङघीय लोतान्त्रिक गणतन्त्र नेपालको परिकल्पना अनुसार नेपालको संविधान २०७२ जारी भएको चौथो बर्षमा छ भने राज्यको पुर्नसंरचना भएको छ जस अनुसार राज्य शक्तीको बाँडफाँट भै तीन तहका सरकारको व्यवस्था भै व्यवस्थापकिय, कार्यपालिकिय, र न्यायीक अधिकार सहित स्थानिय सरकार पनि गठन भै सन्चालनमा आएका छन । यस गाउँपालिकामा दक्ष र सिर्जनात्मक क्षमता भएका जनशक्तिको कमी, जनतामा चेतनाको कमी भौगोलिक विकट्ता, यातायातको असुविधा, फोन, इन्टरनेट जस्ता संचार सुविधाको कमिका कारण सोचे जस्तो प्रगति हुन सकिरहेको छैन र विद्यमान पदाधिकारीहरु र कर्मचारीहरुबाट जनउत्तरदायी भएर काम गर्नु पर्ने देखिन्छ । शिक्षा, स्वास्थ्य र पूर्वाधारका हिसावले नेपालकै र अझ भन्नु पर्दा हुम्लाकै पनि सवै भन्दा पछाडि परेको यस गाउँपालिकालाई शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माणमा अघि वढाउन यहँहरु सवैको साथ सहयोगको अपेक्षा गर्दछौं । यस गाउँपालिकाले आफैं आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृतीका लागि सभामा पेश हुन आएको नाम्खा गाउँपालिकाको तेश्रो वर्षको वार्षिक नीति तथा कार्यक्रम साथै बजेट घोषणा गर्न पाउँदा म निकै गौरवान्वित छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अब म यस नाम्खा गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. अवका दिनमा यस नाम्खा गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुती गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, माग र आवश्यकताको आधारमा कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

२. यस गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमश : गाउँपालिका क्षेत्रभित्र रहेका काठेपुलहरु भएका ठाउँमा गाडी रोड भए पक्की पुल र अन्य ठाउँमा झोलुंगे पुल निर्माण तर्फ ध्यान केन्द्रित गरिनेछ ।

३. नाम्खा गाउँपालिकामा अन्य स्थानय तहको तुलनामा हावापानी मौसम प्रतिकुल छ । वर्षको ८ महिनासम्म हिउँ जम्ने भएको कारण जनताहरु पनि मौसमी रुपमा बसाईसराई गर्ने गरेको अवस्थामा यसको विकल्पमा गर्न सकिने उपायहरुको अवलम्बन गरिने छ ।

४. नाम्खा गाउँपालिकामा कृषि अन्न तथा वालीहरु उत्पादनको लागि मौसम प्रतिकुल छ । वर्षको ८ महिनासम्म हिउँ जम्ने भएको कारण जनताहरु पनि मौसमी रुपमा बसाईसराई गर्ने गरेको अवस्था छ ।

अनुकुल समयमा उत्पादन हुने आलु, गहुँ, उवा, फापर लगायतका अन्नको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याउने र अर्गानिक क्षेत्र घोषणा गर्ने तर्फ ध्यान केन्द्रीत गरिने छ।

५. नाम्खा गाउँपालिकाको क्षेत्रमा रहेका ताल गुफा एतिहाँसिक , धार्मिक प्राकृतिक दृष्टिकोणले महत्वपुर्ण ठानिएका उत्कुष्ट पर्यटकीय गन्तव्य बनाउन संरक्षण पहल गर्ने । यस क्षेत्रमा रहेका ऐतिहासिक गुम्बाहरुको संरक्षण गरिनेछ ।एतिहाँसिक स्थल जोड्ने मार्ग सडकहरुलाई विदेशी पर्यटकहरुको आकर्षका लागि पर्यटकीय मार्गहरुको सुधार गरिनेछ ।

६.धार्मिक तथा पर्यटकिय दिृष्टीकोणले महत्वपुर्ण ताल गुम्बा मन्दिर जान सडकको सम्भावना नभएको ठाउँहरुको डि . पि . आर . गराइ केवुलकार तथा सुरुङको लागि केन्द्र सरकारसँग अनुरोध गरिने छ ।

७. यस गाउँपालिका भित्र सडक सन्जालको सम्भावना नभएको र सडकमा भम्भीर संकट भएका ठाउँमा सुरुङमार्गको लागि केन्द्र सरकार तथा प्रदेश सरकारमा अनुरोध गरिने छ ।

८. खगालगाउँ मोटर बाटो जोडनको लागि पक्की पुलको डिपिआर तथा निर्माणको लागि सम्भव भए सम्म गाउँपालिकाबाट निर्माण गर्ने र श्रोत अभाव भए केन्द्र सरकारलाई अनुरोध गरिने छ ।

९. उर्जा क्षेत्रमा यस गाउँपालिकामा हाल सम्म सबै वडामा जलधितको पहुंच नरहेकोले विद्युतको पहुंच पुरयाइ यस गाउँपालिकालाई समृद्ध वनाउन निर्माणाधिन यारी लघु जलविधुत आयोजनालाई तिव्र रुपमा अघि बढाइ सम्पन्न गर्ने र नभएका वडा र बस्तीमा यथा शिघ्र डि पि आर गरि आयोजनाको लागि बजेटको व्यवस्था गरी आयोजना निर्माण कार्य अघि वढाई २ वर्ष भित्र नाम्खा गा.पा.लाई अधेरोमुक्त गा.पा. बनाउने निति लिइने छ ।

१०. आजको युग सुचना र सञ्चारको युग हो । सुचना र सञ्चार प्रविधि विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । यस गाउँपालिकाको मोवाइल टावर नपुगेको सबै वडामा मोवाइल टावर स्थापना गर्नको लागि नेपाल टेलिकमको जिल्ला देखि कोन्द्र सम्म पहल गरिनेछ । मोवाइल टावर भएका वडामा टावरको क्षमता वृदि गरी इन्टरनेट सहितको सूचना प्रविधिको विकास गर्न सम्वन्धित निकायमा पहल गरीने छ ।

११. गाउँपालिका भित्र रहेका अपाङगहरुको संरक्षणको लागि अपाङग मैत्री कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ । जसका लागि अपाङग मैत्री सामाग्रीहरु बैशाखी,लैारो,चस्मा,रेडियो,एयरफोन वितरणको व्यवस्था मिलाइने छ ।

१२. यस क्षेत्रमा रहेका अपांग, महिला दलित,जनजाति,जेष्ठनागरिकहरुको हकहितको लागि गाउँपालिका स्तरीय समिति गठन गर्न लगाइ विधान सहित दर्ता गर्न लगाइने छ ।

१३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको सिटिजन बैंक मार्फत घरघरमा गइ खाता खोलाउने व्यवस्था गर्ने र खाता प्रर्णालीबाट नै भत्ता प्राप्त गर्ने व्यवस्था मिलाइने छ ।

१४. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलध गराउने खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । साविक खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालयमार्फत सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ ।

फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाइमा ध्यान दिने संस्कारको विकास गर्ने कार्यक्रमहरु ल्याइनेछ ।

१५. शैक्षिक तथा बैज्ञाानिक क्षेत्रको अध्ययन अनुसनधानको लागि यस गाउँपालिकाका केन्द्रमा एउटा विज्ञान केन्द्र सथापना गर्न पहिलो चरणमा डिपिआर गराइ दोश्रो चरणमा विज्ञान केन्द्र स्थापना गरिने छ ।

१६. यस गाउँपालिकामा पेशागत समुहहरुलाई संस्थागत गराउन शासन प्रकियामा सम्मिलित गराउन गाउँपालिका स्तरीय समिति गठन गर्न लगाउने र विद्यान सहित दर्ता गराउन लगाइने छ ।

१७ कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवुद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

१८. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ, यस क्षेत्रमा कर्मचारी सधै बस्ने, गाउँवासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको वातावरण सिर्जना गरिनेछ ।

१९. यस गाउँपालिका क्षेत्रमा मंसिर देखि चैत्र सम्म हिउ जम्ने कारण विकास निर्माणका कामहरु सन्चालन गर्न नसकिने भएकोले आथिक वर्षको श्रावणमा नै योजनाहरुको लागत अनुमान तयार गर्ने उपभोक्ता समिति गठन वा टेन्डर आवहान द्धारा योजना सम्झता गरी काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

२०. महिला स्वयम सेविकाहरुलाइ सक्रिय गराउनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२१. यस गा.. पा. मा हाल सम्म सरकारी सेवामा प्रवेश गरेका जनशक्तीको तुलनात्मक तथ्याङक संकलन गरी उनीहरुलाई लोकसेवा तयारीको लागि आवश्यक पहल र आर्थिक सहयोग गरी लोकसेवा उर्त्तीण गराई स्थानिय तहमा स्थानिय व्यक्तिले सेवा प्रवाह गर्ने लक्ष्य लिइने छ ।

२२. यस गाउँपालिकामा रहेका विद्यालयहरुलाई आवश्यक शैक्षिक तथा खेलकुद सामाग्रीहरुको व्यवस्था गरी विद्यार्थिलाई कलात्मक क्षमताको विकास गराउने लक्ष्य लिइएको छ ।

२३. यस गाउँपालिका भित्र रहने विभिन्न मात्री भाषाहरुको प्रवधन गर्न लिपीमा पाठयक्रमको व्यवस्था गरि अध्ययनको व्यवस्था मिलाइने छ ।

२४. यस गाउँपालिका भित्र काम गर्ने उपभोक्ता समिति,विषयगत निकाय,कर्मचारी,सरकारी गैरसरकारी संस्था,राम्रो नतिजा ल्याउने विद्यालय,समाज सेवी,जनप्रतिनिधीहरुलाई लागत समय,कामको गुणस्तर,कम लागतमा बढी प्रतिफल,योगदानमा आधारित मुल्यङकन अनुसार उत्कृष्ट पुरस्कार प्रदान गर्न अध्यक्षको संरक्षणमा नाम्खा पुरस्कार स्थापना गरिने छ ।

२५. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको बजेट तथा कार्यकम गाउँ सभा बैठकमा पारित गराउनु पर्ने र जन प्रतिनिधीहरुको रोहवरमा कार्यकम गर्नुपर्ने तथा सो कार्यकमहरुको अनिवार्यरुपमा सार्वजनिक गर्नु पर्ने नीति लिइने छ ।

२६. योजना तथा कार्यक्रमहरुको प्रत्येक चोमासिकमा समिक्षा गर्ने नीति लिइने छ ।

२७. प्रभावकारी अनगमन विना योजनाहरुको भुक्तानी नदिइने नीति लिइने छ ।

२८. गाउँपालिकाको कामको गुणस्तर बढाउन पदाधिकारी,कर्मचारी र उपभोक्ता समितिहरुलाइ क्षमता विकास तालिमको व्यव्स्था गरिने छ ।

२९. बन्य जन्तु चोरी शिकारी नियनत्रण गर्न आवश्येक उपाय अवलम्बन गरिने छ ।

३०. विश्वका दुर्लव पशु पंक्षि(जनावर,चौंरीगाई,चरा चुरुङगी )हरुको लागि संरक्षण गर्ने नीति लिइने छ ।

३१. बनवातावरण संरक्षण गर्न रुखहरु कटान गर्न रोक्ने, घरघर तथा धार्मिक स्थलहरुमा राखिने लिङगाहरुलाई प्रतिस्थापन गर्न जि. आ . इ ं पाइपका लिङगा व्यवस्थापन गर्ने नीति लिइने छ ।

**सभाध्यक्ष महोदय,**

अव म गत आ.व. २०७५।०७६ मा सञ्चालन गरिएका कार्यक्रमहरु , आयोजनाहरुको छोटकरी विवरण पेश गर्ने अनुमति चाहन्छु । यारी सामुदायिक भवन निर्माण होमजोड जाड सिचाइं योजना निर्माण तिल मोटरबाटो निर्माण हल्जी तिल मोटरबाटो र्मिाण,भिर्कुटी मा. .वि. को फर्निचर निर्माण तिलखोला नदि नियन्त्रण च्याछ्रा प्रा.वि. भवन निर्माण, जयाइदा खानेपानी टंकी निर्माण ताडगिन प्रा.वि. फर्निचर निर्माण आदि हुन ।

**सभाध्यक्ष महोदय**, अव म अगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।

राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७५।०७६ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल ४५ लाख राजश्व प्राप्त हुने अनुमान गरिएको छ । आ.व. २०७६।०७७ को लागि स्वीकृत करको दर अनुसुचीमा उल्लेख गरिएको छ ।

**उपस्थित महानुभावहरु,**

आगामी आर्थिक वर्ष ०७६।०७७ मा यस गाउँपालीकाको लागि **केन्द्रिय सरकारवाट** वित्तीय समानीकरण अनुदान रु ६ करोड ८० लाख, राजश्व वाांडफाँड वाट रु ४ करोड ३८ लाख , शर्सत अनुदान १३ करोड ७३ लाख गरी जम्मा २४ करोड ९१ लाख, **कर्णाली प्रदेश सरकारवाट** वित्तीय समानीकरण ९३ लाख २५ हजार राजश्व बाँडफाँड वाट रु ५लाख ७ हजार सवारी साधन करको बाँडफाँट १ लाख १ हजार गरी जम्मा रु ९९ लाख ३३ हजार गरी कुल वजेट रु २५९०३३०००।पच्चिस करोड नब्बे लाख तेत्तीस हजार रुपैया उनन्चालीस पैसा) प्राप्त गरिएको छ । राजश्वको अनुमान रु ४५ पैंतालिस लाख( **यस बर्षको अन्तमा रहने मौजदात रहने अनुमानित २० लाख सहित**) भएतापनि अपेक्षित रुपमा राजश्व उठ्न सक्ने संभावना न्यून भएकोले उक्त श्रोतको अलग्गै उल्लेख गरिएको छ जुन यस प्रकार छ पुजिगत तर्फ रु . ३२७५०००/-चालु तर्फ रु . ११२५०००/- ।

अव म व्ययको अनुमान प्रस्तु गर्न चाहन्छु । आगामी आ.व. २०७६/०७७ वर्षको कुल बजेट रु.२६५९३३०००। मध्ये चालुतर्फ जम्मा रु. ४५५७८०००/- तथा पुँजीगत तर्फ रु.८३०५५०००/- विनियोजन सशर्त अनुदान तर्फ १३७३०००००/- यस आ.व.को अन्तमा आन्तरिक गरिएको छ । आय( व्यय विवरण तथा कार्यक्रम र आयोजनाहरुको विस्तृत विवरण अनुसूचिमा संलग्न गरेको छु । प्रस्तुत

नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको लक्ष्य पुरा हुने अपेक्षा गरिएको छ ।

**गैर सरकारी संस्था तर्फ**

१.सेल्फ हेल्प इलसियटिभ प्रोग्राम सेनटर नेपाल(सिप) रु. २३५५०००।(तेइस लाख पचपन्न हजार )

२. आधार विकास नेपाल रु. १,६७,७७,८१६।(एक करोड सतसटठी लाख सतहत्तर हजार आठसय सोह्र)

३. स्वास्थ्यका लागि सक्षम प्रर्णाली रु. ८०००००।(आठ लाख )

४. स्वान रु. १२५१७०८।(बाह्र लाख एकाउन्न हजार सात सय आठ)

**आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु,**

यस गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित वार्षिक बजेट, नीति र कार्यक्रमहरु सार्वजनिक गर्न आयोजित यस समारोहमा आफ्नो कार्य प्रति अभिप्रेरित गर्ने प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । त्यसैगरी तेस्रो गाउँसभाको तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग सहित सहभागि हुनु भएका गाउँपालिकाका सम्पूर्ण जनसमुदायहरु, गाउँपालिकाका अध्यक्षज्यू, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू, वडाध्यक्ष ज्यूहरु गाउँपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारु वन्धुहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, दातृ निकाय, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात सँगै आजको यस सार्वजनिकीकरण समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुऱ्याएको योगदानका लागि उच्च मुल्यांकन गर्दै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत योजना, नीति र कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वयनमा सबैबाट पुर्णरुपमा सहयोग प्राप्त हुने अपेक्षा गर्दै विदा हुन अनुमति चाहन्छु ।

पेमा तामाङ

उपाध्यक्ष

नाम्खा गाउँपालिका, याल्वाङ,हुम्ला ।

**धन्यवाद**